अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिगास गाउँपालिका
बैतडी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिगास गाउँपालिका
बैतडी

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिगास गाउँपालिका

बैतडी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर, बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम, प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ११८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

सिगास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बैतडी ।

१. **कैफियत सहितको राय** — हामीले सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू.२ करोड १५ लाख २१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट प्रतिक्रिया प्राप्त भएको छैन। उल्लिखित मध्ये बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ९ लाख ६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १२ लाख ७५ हजार, नियमित गर्नुपर्ने रू. २१ लाख ३२ हजार र पेश्की बाँकी रू. ७१ लाख ४५ हजार समेत रू. २ करोड १५ लाख २१ हजार रहेको छ ।सिगास गाउँपालिकाको गतवर्ष सम्म रू. १८ करोड ९६ लाख २ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू. २१ करोड ११ लाख २३ हजार रहेको छ। सिगास गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने सिगास गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सिगास गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

सिगास गाउँपालिका

बैतडी

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५५	१५१	२१५२१	०	०	०	५५	१५१	२१५२१	९६९	२१३२	११२७५	०	०	१३४०७	७१४५

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बैतडी	१८९६०२	०	०	१८९६०२	०	२१५२१	२११२३

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं.	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	०	०	०
	चालु वर्षको जम्मा	०	०	०
	गत विगत वर्षतर्फको	०	०	०
	गत विगतको जम्मा	०	०	०
	कुल जम्मा	०	०	०

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ।

परिचय

१ **परिचय**

(क) **कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छन भने क्षेत्रफल २४५.४४ वर्ग किलोमिटर तथा २१८१४ जनसंख्या रहेको छ।

(ख) **लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) **लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२३ देखि २०८०।०५।२६ सम्म रहेको छ।

(घ) **लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) **लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) **आर्थिक कारोबारको स्थिति** :- कार्यालयको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **प्राप्ति र भुक्तानी -** आर्थिक वर्ष २०७९।८० को म.ले.प फा. नं. २७२ अनुसार पालिकाको प्राप्ति र भुक्तानी देहायअनुसार रहेको छ।

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५१३४७३६७७.२१	४३३७२२६६१.५		४३३७२२६६१.५	४३६५४४०५१.०६		४३६५४४०५१.०६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५०७१९४२७८.७	४२६५२२६०८.९९	०	४२६५२२६०८.९९	४३५२५८१८४.०६	०	४३५२५८१८४.०६
११००० कर	११	१०१४०८०००.	८०३८४२९६.२३	०	८०३८४२९६.२३	७९९१७५४८.७६	०	७९९१७५४८.७६
१३००० अनुदान		३६६२७९०००.	३४३१३३७३७.६८	०	३४३१३३७३७.६८	३५१२५३७२१.३	०	३५१२५३७२१.३
संघीय सरकार	१२	३५५०६५०००.	३३२०८७९४०.६८	०	३३२०८७९४०.६८	३३८१०८९२०.३	०	३३८१०८९२०.३
प्रदेश सरकार	१२	११२१४०००.	११०४५७९७.	०	११०४५७९७.	१३१४४८०१.	०	१३१४४८०१.
१४००० अन्य राजस्व		१३७४५०००.	३००४५७५.०८	०	३००४५७५.०८	४०८६९१४.	०	४०८६९१४.
३२००० वित्तीय सम्पत्ति		२५७६२२७८.७	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		६२७९३९८.५१	७२०००५२.५१		७२०००५२.५१	१२८५८६७.		१२८५८६७.
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरू		६२७९३९८.५१	६०९०३९८.५१	०	६०९०३९८.५१	०	०	०
धरौटी		०	११०९६५४.	०	११०९६५४.	१२८५८६७.	०	१२८५८६७.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		५१३४७३६७७.२१	४२१३९२०२६.१९		४२१३९२०२६.१९	५०३३७९५५४.२५		५०३३७९५५४.२५
ग. भुक्तानी (सञ्चित कोषबाट)		५०७१९४२७८.७	४१४९८८३६९.६८		४१४९८८३६९.६८	५०१७३०१५०.३		५०१७३०१५०.३
२१००० पारिश्रमिक / सुविधा	१८	१३३६०९०००.	१२५२१२५४९.६५	०	१२५२१२५४९.६५	१२६३५२४०२.	०	१२६३५२४०२.

२२००० मालसामान तथा सेवाको उपयोग	१८	१५९९६७०००.	१४३०९५९५४.०३	०	१४३०९५९५४.०३	११२४५९७९०.८	०	११२४५९७९०.८
२५००० सहायता (Subsidy)	१८	३००००००००.	१९५२४३१७.	०	१९५२४३१७.	४७४३९२०४.५	०	४७४३९२०४.५
२६००० अनुदान	१८	०	०	०	०	१८०००००.	०	१८०००००.
२७००० सामाजिक सुरक्षा	१८	१०७६४०००.	७९५७८१८.	०	७९५७८१८.	१४७२२४४६.	०	१४७२२४४६.
२८००० अन्य खर्च	१८	१७८५७२७८.७	१७५७६०७४.	०	१७५७६०७४.	४८९५२२३७.	०	४८९५२२३७.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१५४९९७०००.	१०१६२१६५७.	०	१०१६२१६५७.	१५०००४०७०.	०	१५०००४०७०.
घ. अन्य भूक्तानी		६२७९३९८.५१	६४०३६५६.५१		६४०३६५६.५१	५०३३७९५५४.२५		५०३३७९५५४.२५
कोषहरू		६२७९३९८.५१	६०९०३९८.५१	०	६०९०३९८.५१	०	०	०
धरौटी		०	३८२३००.	०	३८२३००.	१६४९४०३.९५	०	१६४९४०३.९५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-६९,०४२.००		-६९,०४२.००			
ङ. यो वर्षको बचत (न्युन)			१२३३०६३५.३१		१२३३०६३५.३१	-६६८३५५०३.१९		-६६८३५५०३.१९
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३१७१९७९२.९६		३१७१९७९२.९६	७९४९३१५८.८५		७९४९३१५८.८५
वर्षान्तको बाकी रकम (ङ + च)			४४०५०४२८.२७		४४०५०४२८.२७	१२६५७६५५.६६		१२६५७६५५.६६
बैंक तथा नगद बाकी	२४		४४०५०४२८.२७		४४०५०४२८.२७	१३१५९२०९.६६		१३१५९२०९.६६

३ **एकिकृत आय-व्यय -** आ व २०७९।८० को एकिकृत आय व्यय देहाय अनुसार छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम

१	गत वर्षको जिम्मेवारी			१	चालु खर्च	३१३३६६७१३	
	क) नगद			२	पूँजीगत खर्च	१०१६२१६५७	
	ख) बैंक	१२९५२६००		३	वित्तिय व्यवस्था भुक्तानी	०	
२	राजस्व (आन्तरिक आय)	०			क) ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व	३४९०३७४			ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड	७९९६७५३९			ग) अन्य भुक्तानी	०	
	ग) अन्य आय	०		४	लगानी	०	
३	वित्तिय हस्तान्तरण संघ	०			ऋण लगानी	०	
	क) वित्तिय समानीकरण अनुदान	९२६८५०००			शेयर लगानी	०	
	ख) सशर्त अनुदान	२३५९२७२५०			अन्य लगानी	०	
	ग) समपूरक अनुदान	२६६६६६६		५	धरौटी फिर्ता	३८२३००	
	घ) विशेष अनुदान	७१०००००		६	जनश्रमदान फिर्ता	०	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	०		७	कोष खर्च	६०९०३९९	
	क) वित्तिय समानीकरण अनुदान	६८१४०००		८	मौज्दात	०	
	ख) सशर्त अनुदान	०			बैंक मौज्दात	०	५०५०९६०७
					संचित कोष मौज्दात	४५३८३३९१	

	ग) समपुरक अनुदान	१९०००००			ख) नगद मौज्दात	०	
	घ) विशेष अनुदान	२५०००००		९	शसर्त अनुदान फिर्ता	०	
५	अन्तर स्थानीय तहबाट प्राप्त	०		१०	गत बर्षको बढी अल्या	०	
६	अन्य	०		११	जनश्रमदान मौज्दात	०	
	सामाजिक सुरक्षा भत्ता	१०४७०१३५२		१२	धरौट मौज्दात	२७५५७२१	
	गरिवसँग बिश्वेश्वर	४५०६००		१३	कोष खाताको मौज्दात	२३७०४९५	
७	विभिन्न कोषतर्फको आय	८४६०८९४			अन्तर सरकारी खर्च	०	
८	जनसहभागिता (नगद)	०			सामाजिक सुरक्षा	१०४७०१३५२	
९	विषयगत निकायबाट प्राप्त	०			गरिवसँग बिश्वेश्वर	४५०६००	
१०	धरौटी आय	३१३८०२१				०	
११	लगानीको साँवा फिर्ता	०				०	
१२	गत बर्षको घटि जिमेवारी	१४३६८४३१				०	
	जम्मा	५७७१२२६२७			जम्मा	५७७१२२६२७	

लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

४ आन्तरीक नियन्त्रण प्रणाली

४.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका निम्नानुसार व्यवस्थाहरु कार्यान्वयन भए गरेको पाईएन।

- आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको।
- सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको।
- स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार नगरेको।
- पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको।
- स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको।
- अनुगमन तथा सुपरिवेक्षण गरी समीक्षा गरेको प्रतिवेदन अभिलेखगत रूपमा नराखेको।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन।

- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- प्रचलित कानुन अनुसार लेखा समित गठन गरेको पाइएन।
- प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन।
- सबै कर्मचारीलाई निजहरूले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन।
- सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरूप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन।
- दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।
- यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरूजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरूजु सम्परीक्षण गरी बेरूजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।
- तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

४.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजिनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन। सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ।

५ योजना तर्जुमा बजेट तथा कार्यक्रम

५.१ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रू ४६८००००। अबण्डा बजेट व्यवस्था गरी योजनामा रू.४६८००००।०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

५.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ।

५.४ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ९६ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रू.२० लाखमाथिका योजना सङ्ख्या	रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रू.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	९६	३०	३९	२७

५.५ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। (रू. हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पूँजिगत खर्च तर्फ	१०१६२१	६१९	११८४३	२११२८	६९००९	५३०४३
प्रतिशत		०।६	११।६५	२०।७९	६७।९०	५२।१९

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रू.१० करोड १६ लाख २१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. ६१९ हजार अर्थात ०.६ प्रतिशत, दोश्रो त्रैमासिकमा रू. ११८४३। अर्थात ११.६५ प्रतिशत, तेश्रो त्रैमासिकमा रू. २११२८ अर्थात २०.७९ प्रतिशत र चौथो त्रैमासिकमा रू. ६९००९ हजार अर्थात ६७.९० प्रतिशत र आषाढ महिनामा मात्र रू. ५३०४३ हजार अर्थात ५२.१९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। (रू. हजारमा)

क्र.स	क्षेत्र	बजेट	खर्च	जम्मा खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	२४८५०	१८१५४	७३
२	पूर्वाधार विकास	१०३६५३	६४२२२	६१।९५

३	सामाजिक विकास	२३३९७६	२१७०४५	९२।७६
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१५८५०	१४७०८	९२।७९
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१२८८६४	१००८५७	७८।२६
	जम्मा	५०७१९४	४१४९८८	८१।८२

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी धेरै रु आर्थिक विकासमा सबै भन्दा घटीमा प्रतिशत रहेको छ। दिगो विकासका स्थानीय लक्ष्य निर्धारण गरी मध्यमकालिन खर्च संरचनाको आधारमा सबै विषयक्षेत्रमा वजेट विनियोजन हुनुपर्दछ।

६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू. ७३०४७३५।भुक्तानी गरेको पाइयो।

६.२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यको २९ जनाको रू. ९२,५५,०१२।–पालिकाका २९ कर्मचारीको रू. १,३४,१३,०००।- गरि जम्मा रू. २,२६,६८,०१२।- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.३ **अवकाश कोष** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सो कोषको स्थापना गरेको पाइएन यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६.४ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ।रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
९	९	२	७

७ **सेवा प्रवाहको स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १२ वटा ऐन, ३

वटा नियमावली, २७ कार्यविधि लगायत ५२ वटा कानुन निर्माण गरी कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

८ **नक्सा पास –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। यस पालिकावाट आ-व- २०७९।८० मा पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरूको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन। सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ।

९ **आर्थिक सहायता –** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न संघसंस्था र व्यक्तिहरूलाई कुल रू ८,६०,०००।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू ३४,९०,३७४।२६ को २४।६३ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

१० **विविध तथा सभा संञ्चालन खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रू. ६,७१,७८२।- र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रू. ८,२४,०१८।- समेत कुल रू.१४,९५,८००।- खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रू.३४,९०,३७४।२६ को ४२.८२ प्रतिशत हुन आउछ।

११ **लक्ष्य प्रगति -** कार्यालयले चौमासिक र वार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्नुपर्दछ।

कार्यक्रम/ योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	९६	१६	१०	४	६६

१२ **बार्षिक खरिदको गुरूयोजना –** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड रुपैया भन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद

गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू १०१६२१६५७।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१३ कर र कर छुट

१३.१ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १५०४५०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. ३४९०३७४।२६ अर्थात अनुमान भन्दा २३.१९ प्रतिशतमात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१३.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रू. हजारमा)

केन्द्रीय अनुदानबाट खर्च	पालिका बाटै संकलित आन्तरिक आय	राजश्व बाँडफाँडबाट प्राप्त आय	कुल आय	आन्तरिक आय प्रतिशत
३४९५९२	३४९०	७९९६७	४३३०४९	०।८०

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१३.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	११०००००।००	२७४४७९।५८	२४।९५

घरजग्गा वहाल कर	३००००।००	५४४७६।०३	१८१।५८
व्यवसाय कर	३००००।००	०	०
वहाल विरौटी शुल्क	१००००	०	०

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१३.४ **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आयमा उपभोक्ता समितिलाई कार्यालयको डोजर एक्साभेट ट्याक्ट्रर समेत भाडामा दिएकोमा आयगत लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गर्नु पर्ने देखिन्छ।

१३.५ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ।

१३.६ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.१,३२,३८०।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका सबै प्रकारका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.७१४५०००।- बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रू.७१४५०००।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रू

क स	विवरण	रकम
१	देउलेक ग्रामीण महिला कृषक समूह	६२५०००

२	देउलेक गर्जे सडक योजना उ.स.	१८९००००
३	खन्तड टकरे जुकेपानी सडक योजना	२७००००
४	ओखलसैनी खेलमैदान निर्माण उ.स.	१८४५०००
५	ढुमखर्क गढतोला काठा सडक निर्माण उ.स.	५७००००
६	दोगाड ल.ज.वि. आयोजना सिगास ९	९०००००
७	बुढाकोट गोरेघर अधुरो भवन निर्माण समिति	९००००
८	धौले कित्थे खाए काडा वडा कार्यालय सडक निर्माण योजना	६०००००
९	रमेश सिह साउदः लक्षीत वर्ग तथा सामाजिक विकास	२७००००
१०	रमेश सिह साउदः किसान सूचीकरण कार्यक्रम	६००००
११	घनघस्या कानूनी परामर्श तथा अनुसन्धान केन्द्रः सेवा र परामर्श खर्च	२५०००
	जम्मा	७१४५०००

पेश्की	७१,४५,०००

१५ विपद व्यवस्थापन

१५.१ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरू गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

१५.२ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरूको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

१५.३ **बार्षिक प्रतिबेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस

गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१६ वित्तीय विवरण विश्लेषण

१६.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छः

१६.२ **वित्तीय विवरण** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. १०,४७,०१,३५२।-, गरिवसँग विश्वेश्वर कार्यक्रम रू.४,५०,६००।- समेत गरी रू. १०,५१,५१,९५२।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१६.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू १,२९,५२,४९९।९६ मौज्दात रहेकोमा यो वर्ष रू. २,७३,२०,९३०।९६ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.१,४३,६८,४३१।०० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्ने देखिन्छ।

१६.४ **कर कट्टि दाखिला बाँकी** - पालिकाले उपलब्ध गराएको म ले प फा नं २७२ अनुसार बैंक मौज्यात रू. ४५३१४३४८।५९ र एकिकृत आ वि अनुसार रू. ५०५०९६०६।५९ रहेकोमा रू. ५१९५२५८।-फरक देखिन्छ। सो मध्य धरौटि मौज्यात रू.२७५५७२१।- र कोष खाताको मौज्यात रू.२३७०४९५।- र कर कट्टि दाखिला गर्न बाँकी रू.६९०४२।- रहेको देखिन्छ। हिसाब मिलान गरी कर कट्टि बैक दाखिला गर्न बाँकी देखिएको दाखिला हुनुपर्ने रू.

असुल गर्नुपर्ने	६९,०४२

१६.५ **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू.३४,९०,३७४।२६ राजस्व बाँडफाँड र अनुदानबाट रू.४२,९५,६०,४५५।०५ समेत रू.४३,३०,५०,८२९।३१ आम्दानी भएकोमा चालुतर्फ रू.३१,३३,६६,७१२।६८ र पूँजीगततर्फ रू. १०,१६,२१,६५७।०० समेत रू ४१,४९,८८,३६७।६८ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ०।८४ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रू. ९२,१६,५००।०० खर्च भएको छ जुन आन्तरिक आय रू. ३४,९०,३७४।२६ को २६४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व

बाँडफाँडको रकमबाट ८८.९७ प्रतिशत चालु र ६५.५६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरूले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१७ **पदाधिकारी अन्य सुविधा** - सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरूले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन। तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी पालिका भित्र अनुगमन गरेको निम्नानुसारको रकम असुल हुनु पर्ने रू

गो भौ /मिति	नाम	भुक्तानी प्रयोजन	भुक्तानी रकम	कैफियत
४५४।३।७	कर्ण ब साउद	भ्रमण भत्ता	७५००	पालिका भित्र अनुगमन
५४९।३।२३	हरि सिह धामी	भ्रमण भत्ता	१००००	पालिका भित्र अनुगमन
जम्मा			१७५००	

असुल गर्नुपर्ने	१७,५००

१८ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - यस पालिकाको उक्त प्रतिबेदन अनुसार कुल १०० अंकमा ४८ अंक प्राप्त गरेको उल्लेख छ। उक्त मुल्याँङ्कनलाई यस पालिकाको समग्र मुल्याँङ्कन राम्रै मान्ने अबस्था रहेकोकोले थप अंक प्राप्त गर्ने गरी आगामी बर्षका कार्यक्रम संञ्चालनका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ।

१९ **समायोजन ग्रेड** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरू तलब स्केलमात्र पाउने तर त्यस्तो सुरू स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ। यस पालिकाका निम्नानुसार स्वास्थ्य तर्फका ६ जना कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (सञ्चयकोष थप समेत) भुक्तानी भएको छ। स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रू.

सि नं	पद नाम	महिना	ग्रेड संख्या	दर	रकम
१	ज स्वा नि घन श्याम बोहरा	१५	२	१४५६	४३६८०

२	ज स्वा नि श्री भिम सिंह ऐर	१५	२	१४५६	४३६८०
३	सि अ हे व श्री जनक सिंह धामी	१४	२	१४५६	४०७६८
४	ज स्वा नि राजेन्द्र सिंह साउद	१३	२	१४५६	३७८५७
५	ज स्वा नि श्री बिरेन्द्र सिंह क्षेत्री	६	२	१४५६	१७४७२
६	अ हे व श्री नरेश बहादुर ऐर	६	२	११५८	१३८९६
७	अ हे व श्री चुणामणी अवस्थी	१३	२	११५८	३०१०८
	जम्मा				२२७४६१

असुल गर्नुपर्ने	२,२७,४६१

२० **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रू.७६५६३४।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रू.

गो भौ नं मिति	विवरण	भुक्तानी पाउने	रकम रू
२४।०६।०७	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन	एम ए डब्ल्यु अर्थ मुभर्स प्राली	१०८६३४
१५५।९।१८	पदाधिकारीको बंठक भत्ता	२५ जना (कार्यपालिका सदस्य र पालिका सभा सदस्य) साउन देखि चैत्र सम्म	४३४०००
१६२।९।२०	पदाधिकारीको बैठक भत्ता वडा		६८०००
५४१।३।२२	पदाधिकारीको बैठक भत्ता		१५५०००
जम्मा			७६५६३४

अनियमित भएको	७,६५,६३४

२१ **आकस्मीक लाभ कर** - गोश्वरा भौचर नं २९३ ।११।८ मा आयकर ऐन २०५८ दफा ८८ (क) मा आकस्मीक लाभमा २५ प्रतिशत कर कट्टि गर्नुपर्ने व्यवस्था छ। कविन्द्र प्रसाद ओझालाई पुरस्कार वापत रू.५००००।- भुक्तानी दिदा २५ प्रतिशत आकस्मीक लाभकर कट्टि नगरी भुक्तानी दिएको रू १२५००।- असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१२,५००

२२ **स्वकीय सचिव र सल्लाहकार** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्।त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ। तर पालिका अध्यक्षका लागि १ जना स्वकीय सचिव नियुक्त गरी कुल रू.१९७४१२।- खर्च भुक्तानी भएको छ ।

२३ **पदाधिकारी सुविधा** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरूले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन ।तर पालिकाले देहायका पदाधिकारीलाई कानूनले तोकेको मासिक दुई बैठक भन्दा बढी दिनको कार्यपालिका र वडा कार्यालयको बैठक भत्ता रू.२२१०००।- भुक्तानी भएको रकम असूल हुनुपर्ने रू

पद नाम	भुक्तानी पाउनुपर्ने	भुक्तानी पाएको	बढि भुक्तानी (कर कट्टि पछिको)	कैफियत
वडा अध्यक्ष रामचन्द्र ऐरी	२०४००	३७४००	१७०००	
वडा अध्यक्ष ठगेन्द्र सिंह ऐर	२०४००	४४२००	२३८००	गत आ व को ४ समेत
वडा अध्यक्ष अमर सिंह धामी	२०४००	३६५५०	१६१५०	
वडा अध्यक्ष हरि सिंह बोहरा	२०४००	३४८५०	१४४५०	
राजेन्द्र बहादुर चन्द	२०४००	३४०००	१३६००	
तेज बहादुर साउद	२०४००	३७४००	१७०००	
कर्ण बहादुर साउद	२०४००	३८२५०	१७८५०	
केशव बहादुर बोहरा	२०४००	३९१००	१८७००	
कृष्ण धामी	२०४००	३९१००	१८७००	

सिता कुमारी पोखरेल	२०४००	४४२००	२३८००	गत आ व को ४ समेत
निर्मला देवी धामी	२०४००	३७४००	१७०००	
बिमला लुहार	२०४००	२५५००	५१००	
जानकी साउद	२०४००	३८२५०	१७८५०	
जम्मा	४८६२००	२६५२००	२२१०००	

असुल गर्नुपर्ने	२,२१,०००

२४ **बिल भरपाई नभएको -** अर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। संलग्न खर्चको बिल भरपाई बाट खर्च पुष्टयाई प्रमाण पेश नभएकोले पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

भौ.नं/ मिति	विवरण	भुक्तानी पाउने	विल रकम	कैफियत
२५। २५।६।७	पुस्तक छपाई	अर्जुन देव अवस्थी	२५०००	
१४१।९।५	शैक्षिक सामाग्री	पुस्कर ब चन्द	१००००	बढी भुक्तानी
		जम्मा	३५०००	

प्रमाण पेश नगरेको	३५,०००

२५ **बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३३ बैठक भत्ता प्रचलित कानुनमा व्यवस्था भएको वा लेखा उत्तरदायी अधिकृतको निर्णय बमोजिम गठन भई एक भन्दा बढी निकाएको पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय अघि वा पछि गर्नु परेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई अर्थ मन्त्रालयले तोके बमोजिम दरमा बैठक भत्ता दिन सक्ने व्यवस्था छ ।तर कार्यालयका पदाधिकारी मात्र रहेको वैठक भत्ता वापत रू.३८२५०।- खर्च लेखेको रकम असूल हुनुपर्ने रू.

गो भौ नं मिति	विवरण	भुक्तानी पाउने	करकट्टि सहित भुक्तानी भएको रकम रू.	कैफियत
६४।०७।२४	रोजगार सहायक पदपुर्ति	कविन्द्र प्र ओझा	४२५०	
		राजेन्द्र सिंह धामी	४२५०	
		लक्ष्मण सिंह धामी	४२५०	
		टिका सिंह धामी	४२५०	

		रविन्द्र कुमार साउद	४२५०	
जम्मा			२१२५०	
१४०।९।५	कृषि तथा पशु प्राविधिकको परिक्षा संचालन	कविन्द्र प्र ओझा	३४००	
		राजेन्द्र सिंह धामी	३४००	
		लक्ष्मण सिंह धामी	३४००	
		टिका सिंह धामी	३४००	
		रविन्द्र कुमार साउद	३४००	
जम्मा			१७०००	

असुल गर्नुपर्ने	३८,२५०

२६ **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखमा कट्टा गर्नुपर्दछ।

२७ **शिक्षातर्फ**

२७.१ **विद्यालयगत निकासा रजिष्टर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रूपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्ट्रर खाता अद्यावधिक राख्नु पर्दछ ।

२७.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५८ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	बिभिन्न बिद्यालयहरू	१५६	१५६	१७	८३१४

२७.३ **स्यानीटरी प्याड** - स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरू तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन। कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९ को २।८।१० को क्रियाकलप नं २।७।१३।१३ मा सामुदायीक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्ययनरत सवै छात्राहरूलाई स्यानीटरी प्याड बितरण गर्ने त्यसको लागि तथ्यांक एकिन गर्ने १० महिनाको अवधिको लागि उपलब्ध गराउने व्यवस्था मिलाउने स्वदेशि उद्योगबाट उत्पादन भएकालाई प्राथमिकता दिने स्थानीय तहले वितरण र प्रयोगको अनुगमन गर्ने विद्यालयले उक्त कार्यक्रममा भएका कृयाकलापको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने जस्ता व्यवस्थाहरू उल्लेख छ। पालिकाले यस बर्ष सिलबन्दि दरभाउ पत्रको आधारमा बिभिन्न ३ वटा कोटेशन मध्ये सवै भन्दा घटि कवोल गर्ने थ्याङक्यु विजनेश धनगढीबाट २१५०० प्रति थान रू ६७।२३५ - मू अ कर समेत_ का दरले रू.१४,४५,५५२।५० खरिद गरी बिभिन्न २३ विद्यालयहरूलाई २१६०० थान बितरण गरेको पाईयो। कार्यालयले स्यानिटरी प्याडको स्पेसिफिकेशन खोली लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको र स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूचि १ बमोजिम भए नभएको परीक्षण गरी प्रतिवेदन प्राप्त भएको छैन् ।

२७.४ **शिक्षक अभिलेख** - पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरूको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरूवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरूवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

२७.५ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८।७९) मा EMIS (इमिस) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा विद्यालयहरूलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रू. ४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रू. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रू. २००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रू. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रू. २००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रू. १५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। पालिकाले EMIS (इमिस) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग मिलान गरी विवरण दिएकोमा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको एकीन गर्ने आधार भएन। कार्यालयले कार्यक्रम

कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS (इमिस) डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनु पर्दछ।

२८ स्वास्थ्यतर्फ

२८.१ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सार्वजनिक निकायले सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर कार्यालयले उक्त प्रक्रियावेगर रू. २६७६४७९।- का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

भौ. नं. र मिति	नाम	रकम
४२।०७९।८।१२	अभिनेत्र आयुर्वेद फार्मेसी	५२४९९०
४२।०७९।८।१२	गोदावरी मेडिकल सप्लायर्स	२९९९९९
४३।०७९।८।१२	रौलाकेदार मेडिकल सप्लायर्स	१३५०५०५
१४९।०७९।११।२	शिद्धिगणेश आयुर्वेद फर्म	४९९९८५
	जम्मा	२६७५४७९

- खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२८.२ **न्यानो झोला वितरण** - भौचर नं ६०।२०७९।८।२५ पालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम अन्तर्गत गोदावरी सप्लायर्स गोदावरी कैलालीबाट ५०४ प्रति थान रू ९९१।९९ का दरले रू ४९९९६२।९६को झोला

खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देशन गरे बमोजिमको स्पेशिफिकेशन अनुसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन। साथै न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन। साथै कार्यालयले आ.व.०७९।८० को सुत्केरी संख्या र न्यानो झोलाको मौज्दात विवरण राखेको पाइएन। न्यानो झोला वितरण गरी बाँकी मौज्दात कति छ भने विवरण प्राप्त नभएको अवस्थामा सम्बन्धित व्यक्ति तथा स्वास्थ्य संस्थालाई न्यानो झोला वितरण गरेको भरपाईको साथै पाउनेको सम्पर्क सहितको अभिलेख राख्नु पर्दछ ।

२८.३ **अनुगमन सुपरीवेक्षण** - भौचर नं. ३३८।०८०।३।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ। स्वास्थ्य क्षेत्रको खोप पोषण कार्यक्रम लगाएत स्वास्थ्य संस्था अनुगमन तथा सुपरीवेक्षण गरे वापत पालिकाका ६ पदाधिकारी तथा कर्मचारीलाई रू.३००००।- र अन्य स्वास्थ्य संस्थाका कर्मचारीहरूलाई रू.३९९५०।- गरि जम्मा रू.६९९५०।- खर्च लेखेकोमा अनुगमन प्रतिवेदन समेत पेश भएको छैन। अनुगमन प्रतिवेदन वेगर खर्च लेखेको उक्त रकम नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	६९,९५०

२९ कृषितर्फ

२९.१ **मौरी पकेट** - भौचर नं ३४०।३।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ। चैनपुर आधुनिक मौरीपालन केन्द्र वर कुरालीबाट २१ थान मौरी घार रू.४६५०।- का दरले रू.९७६५०।- खर्च लेखेकोमा उक्त मौरी घार वितरणको भरपाई संलग्न नभएकोले वितरणको भरपाई पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	९७,६५०

२९.२ **आलु बाली पकेट** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ। थौलाकोट बहुउद्देश्य कृषि फर्म बाट ६० क्वीन्टल आलु रू.४८००००।- मा र नवदुर्गा एग्रोट्रेड सप्लायर्सबाट कृषि सामाग्री रू.९३५७५।- समेत रू. ५७३५७५।- सामान खरिद भएकोमा उक्त सामाग्री बितरण एवं कृषकको योगदान समेत समावेश भएको छैन। निर्देशिका तथा नर्मस अनुसार नभएको उक्त खर्चको पुष्टयाइ प्रमाण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	५,७३,५७५

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा सडक नाला, मोटर बाटो, मन्दिर खानेपानि बिद्यालय कम्पाउन्ड स्वास्थ्य चौकी, वडा कार्यालय निर्माण, मन्दिर बर्थिङ् सेन्टर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस

वर्ष २२२ जनालाई रोजगारी उपलव्ध गराई रू. १,१९,७०,७३२।- खर्च गरेको छ। लक्षित वर्गलाई ८७ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

३१ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
ओखल सैनी क्रेकट मैदान	शर्मा इन्जिनियरीङ कन्सल्टेन्सी प्रा ली	७९८९१०	७९८९१०	५५६३८६१३
वहुयद्धेशिय सामूदायिक भवन	दियालो इन्जिनियरीङ कन्सल्टेन्सी प्रा ली	८०१८७६	८०१९७६	७७९२०४६०
सेमिनार हल	आइसोटेक्ट इन्जिनियरीङ कन्सल्टेन्सी प्रा ली	४९४९४०	४९४९४०	५२३९६३४०
सडक निर्माण	लिङ्गटेल इन्जिनियरिङ्ग प्रा लि	३६५५२१।३७	३४०१३०	५४६५७५३।००
पञ्च वर्षिय कृषि गुरूयोजना निर्माण	इएफ आइ नेपाल प्रा ली	१५०००००	९९०१०६	०

परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन ।

३१.१ **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस बर्ष परामर्श सेवा खरिद वापत रू. ३४२५२६२।- भुक्तानी खर्च गरेको छ।

३१.२ **पालिकाको जनशक्ति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ। पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो। पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग खरिद गर्नुपर्दछ ।

३१.३ **पेशागत दायित्वको बिमा नगरेको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ८२(७) मा उल्लेख छ। पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रू.३४२५२६२।- भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन। पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

३२ **जनश्रमदान** - ७२।२०८०।२।२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत संचालित योजनाको लागत अनुमानमा उल्लेखित रकम भन्दा घटी कार्य मुल्यांकन भएको अवस्थामा आनुपातिक कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ। कान्धार देउलेक सडक निर्माण उपभोक्ता समिति मार्फत गराइ रू. ३९,०००००।- भुक्तानी गर्ने गरि रू.४३,६०,१९५।- को सम्झौता भएकोमा रू.३४,२५,४४२।- कार्य गरि रू. ३२०५४४२।- खर्च लेखेको छ। घटी कार्य मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी नगरी बढी भुक्तानी दिएको रकम रू.१,४१,५७३।- असूल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१,४१,५७३

३३ **कार्य सम्पन्न पेश नभएको** - सिगास गाउपालिका वडा नं २,३ र ५ मा विद्युत विस्तार कार्यको लागी नेपाल विद्युत प्राधिकरण वैतडीको लागत साझेदारीमा कार्य गर्ने गरी २०८०।२।१७ को कार्यपालिका निर्णयवाट नेपाल विद्युत प्राधिकरण वैतडीलाइ रू. ५७०००००।- रकम भुक्तानी दिएकोमा उक्त निर्माण कार्यको विल र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रू.

प्रमाण पेश नगरेको	५७,००,०००

३४ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
३९।२०८०।३।२२	सिगास माध्यामिक विद्यालय	४ कोठे भवन निर्माण	४९६५८६९
४२।२०८०।३।२४	नरेन्द्रपुर माध्यामिक विद्यालय	२ कोठे भवन निर्माण	२४८९९६८
४३।२०८०।३।२४	शंकरपुर आधारभूत विद्यालय	२ कोठे भवन निर्माण	२४८६८३४
४४।२०८०।३।२४	उदय माध्यामिक विद्यालय	४ कोठे भवन निर्माण	४१९८६९३
४५।२०८०।३।२४	शिव माध्यामिक विद्यालय	४ कोठे भवन निर्माण	४१३४३८०
		जम्मा	१८२७५७४४

नियमावलीको व्यबस्था अनुरूप कार्य गराउनुपर्दछ।

३५ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
९१।२०८०।२।३१	विन्द्रावन सिगास सडक योजना	सडक निर्माण	१३२४१०८	जे सि वि	११९१०५९
९८।२०८०।३।१२	वचपानी सडक सफाइ तथा मोड सुधार	सडक निर्माण	१६६७७१०	जे सि वि	१२७४९९८
१००।२०८०।३।२७	वडा कार्यालय काडा सडक निर्माण	सडक निर्माण	२६७६६७४	जे सि वि	१६२७२००
१०९।२०८०।३।२०	पाटा खाला सडक निर्माण	सडक निर्माण	९९५९१३	जे सि वि	९७८४९७
१०१।२०८०।३।१७	साउनखेत गर्जे सडक	सडक निर्माण	२९७२८३५	जे सि वि	८८९४२९
७२।२०८०।२।२	कान्धार देउलेक सडक निर्माण	सडक निर्माण	३२०५४४२	जे सि वि	१३९९९९
			जम्मा		७३६११८२

३६ **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीलाइ रू. १२६३००६।-मु.अ.कर भुक्तानी

गरेको छ। तसर्थ उक्त निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

गो भौ नं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजक को अवस्था	भुक्तानी रकम	मु अ कर रकम
२४।२०८०।१।३१ ३५।२०८०।३।२२	सिगास निर्माण सेवा	३०४४५५६४३	रसिद नं केरमेट	४९८७५८९	५६६८८९
३४।२०८०।३।२२	सिगास निर्माण सेवा	३०४४५५६४३	रसिद नं केरमेट	१९०१९७८	२१८८११
७१।२०८०।२।२	नविन निर्माण सेवा	३००२८५५८३	रसिद नं केरमेट	९७७८३०	११२४९३
११५।२०८०।३।२२	सिगास निर्माण सेवा	३०४४५५६४३	रसिद नं केरमेट	१४९४५५५	१७१९४०
५२।२०७९।१।८	सिगास निर्माण सेवा	३०४४५५६४३	रसिद नं केरमेट	१६७६५१६	१९२८७३
				जम्मा	१२६३००६

प्रमाण पेश नगरेको	१२,६३,००६

३७ **पूर्व निर्धारित क्षतिपूर्ती** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको काबु बाहिरको परिस्थिती बाहेकको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रति दिनको ०।०५ प्रतिशत ले हिसाव गरी सम्झौता रकमको अधिकतम १० प्रतिशत सम्म पूर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ। पालिकाले हलने सिचाइ योजनाको कार्य २०८०।२।२९ मा सम्पन्न गर्ने गरी ठेक्का अंक रू.३२८४३३५।- नविन निर्माण सेवासंग २०७९।८।२९ मा सम्झौता गरेको छ। उक्त निर्माण कार्यमा निर्माण व्यवसायीलाई दोश्रो रनिङ्ग विलसम्म रू.१६८५७९०।- भुक्तानी भएको छ। सम्झौतामा तोकिएको मिति भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०८०।५।२५ सम्म पनि सम्पन्न नभएको र म्याद थप समेत भएको देखिएन। यसरी तोकिएको मितिमा कार्यसम्पन्न नभएको र म्याद थप समेत नभएकोले सम्झौता अंक रू.३२८४३३५।- को ०.०५ प्रतिशतले २२ दिनको हुने पूर्व निर्धारित क्षतिपूर्ती बापतको रकम रू.३६१२७।- असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	३६,१२७

३८ **विल वेगरको प्रोभिजनल सम** - निर्माण व्यवसायी र कार्यालय बीच भएको खरिद सम्झौतामा प्रोभिजनल सम अन्तर्गत व्यवस्था गरीएको रकम खर्च गर्दा कार्यालयको पूर्व स्वीकृति लिनु पर्ने र त्यस्तो कार्यमा

भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ। कार्यालयले देहायको योजना निर्माण कार्यका लागि Tests of construction materials as specified by engineer को आइटममा रू. ६००००।- का दरले भुक्तानी गरेको छ।प्रोभिजनल समको रकम भुक्तानी गर्दा प्रमाण सहित उक्त खर्चको सोधभर्ना दिनु पर्नेमा सो वेगर रकम भुक्तानी दिएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

योजनाको नाम	निर्माण व्यवसायी	प्रोभिजनल समको रकम
लेक लुपड मा वि भवन	सिगास निर्माण सेवा	६००००
हलने सिचाइ योजना	नविन निर्माण सेवा	६००००
वसेडा कपर्ता सिचाइ योजना	सिगास निर्माण सेवा	६००००
	जम्मा	१८००००

प्रमाण पेश नगरेको	१,८०,०००

३९ **सुरक्षित नागरिक आवास** - पालिकाले सुरक्षित आवास कार्यक्रमको लागि छनौट भएका २४ जना लक्षित वर्गका प्रति परिवारलाई रू.७५,०००।- दिने गरी विनियोजन गरेको रकममध्ये प्रथम किस्ता बापत सामाग्री खरिद गर्न प्रति परिवार रू.४५,०००।- का दरले रू. १०,८०,०००।- खर्च लेखेकोमा उक्त कार्यको कार्यसम्पन्न नभएकोले कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

४० **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

४१ **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपसिल वमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ। यसरी बीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	वि ओ क्यू मा बीमा रकम	कैफियत

१। २०७९। ८० लेक लुपड मा वि भवन	सिगास निर्माण सेवा	४९८७९६८	२००००	बीमा नगरेको
३। २०७९। ८० हलने सिचाइ योजना	नविन निर्माण सेवा	३६६०७५९	२००००	बीमा नगरेको
२। २०७९। ८०वसेडा कपर्ता सिचाइ योजना	सिगास निर्माण सेवा	२२३८३६२	२००००	बीमा नगरेको

४२ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४३ **मूल्य अभिवृद्धि कर कट्टी** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू २२३८०६। कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मु अ कर कर रकम	३० प्रतिशत रकम
४।२०७९।८।२९	जुनकिरी इन्डस्ट्रिज प्रा लि	३०००३००२४	१४९५५९९	१९४४२७	५८३२८
२०।२०७९।११।७	जुनकिरी इन्डस्ट्रिज प्रा लि	३०००३००२४	१०६२१७८	१३८०८३	४१४२४
२६।२०७९।९।२७	शर्मा इन्जिनियरीङ कन्सल्टेन्सी प्रा ली	६०५९४२१५६	७०७०००	९१९१०	२७५७३
३५।२०७९।१०।२४	दियालो इन्जिनियरीङ कन्सल्टेन्सी प्रा ली	६०४३११९०२	७०९७१३	९२२६२	२७६७८

३६।२०७९।१०।२४	आइसोटेक्ट इन्जिनियरीङ कन्सल्टेन्सी प्रा ली	६०६७४६८२७	४३८०००	५६९४०	१७०८२
२९७।२०७९।११।८	इएफ आइ नेपाल प्रा ली	६०६९०६९११	९९०१०६	११३९०६	३४१७१
१३०।२०८०।३।२४	जय कैलाशपति बिल्डर्स प्रा ली	६०३५८०७७८	९८४१५०	५८५००	१७५५०
				जम्मा	२२३८०६

प्रमाण पेश नगरेको	२,२३,८०६

४४ **डोजर, लोडर, एक्साभेटर मर्मत** - पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रू.१६७२८७०।- खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रू.१७०८४६७।- मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरूरी छ ।

सि.नं	मेशिनरी	संख्या	मर्मत तथा ईन्धन रकम रू	आम्दानी रकम
१	ट्याक्टर	१		
२	जे सि भि	१		
३	एक्साभेटर	१	१६७२८७०	
४	बलेरो जिप	१		१७०८४६७

४५ **मेसिनहरूको आम्दानी** - पालिकाको स्वामित्वमा रहेको ट्याक्टर, जेसिवि, टिफर, एम्बुलेन्सहरूको लग बुक राख्ने गरेको पाइएन। लगबुक राख्ने नगरकोले के कति समय पालिकाको कार्यमा प्रयोग गरियो तथा कति समय भाडा लगाई अन्य व्यक्ति एवं फर्ममा प्रयोग भएको हो भन्ने एकिन गर्न सकिएन। खरिदको उद्देश्य परिपूर्ति तथा राजश्व संकलनलाई भरपर्दो एवं व्यवस्थित बनाउन पालिकाले उक्त सवारी साधन सञ्चालनको कार्यविधि बनाई लगबुकको व्यवस्था अनिवार्य गर्ने एवं राजस्व असुलीलाई भरपर्दो बनाउनुपर्दछ।

४६ **यन्त्र उपकरण सञ्चालन** - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय रहेकोमा उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण गरेको पाइएन। उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार नगरी पालिका पदाधिकारीको मौखिक निर्देशनमा सञ्चालन

हुने गरेको पाइयो। पालिकाको उपकरणहरू मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रूपमा पारदर्शी तवरले अभिलेख राखि लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

४७ **आन्तरिक लेखापरीक्षणबाट कायम भएका व्यहोराहरू** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ। यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ।

४७.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकाले २०७६ मा कर्मचारी संगठन तथा व्यवस्थापन पारित गरी प्रमुख प्रशासकीय अधिकृत सहित ९९ दरबन्दी स्वीकृत रहेकोमा ५९ सम्म स्थायी पदपूर्ती भएको देखिन्छ भने कार्य व्यवस्थापनका दृष्टिकोणले महत्त्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सव ईन्जिनियर लगायत ४० पदहरू रिक्त रहेका छन। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम संचालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको छ। तसर्थ रिक्त पदहरूमा यथासक्य छिटो पूर्ती गरि सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ

४७.२ **शैक्षिक सहायता/अनुदान** - गाउँपालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ जारी गरी गाउँपालिकाभित्रका कमजोर आर्थिक स्थिति भएका विद्यार्थीहरूलाई कार्यपालिकाको निर्णय बमोजिम शैक्षिक सहायता अनुदान वितरण गरेकोमा तपसिल बमोजिमका व्यक्तिहरूलाइ भुक्तानी भएको खर्चको बिल पेश नगरेको रू.

भौ नं र मिति	नाम	रकम
४०१।२०८०।२।२४	ध्रुव किरण भुल	८००००
४४८।२०८०।३।४	प्रकाश सिंह धामी	२५०००
४४९।२०८०।३।४	अनिता कुमारी धामी	७००००
४५५।२०८०।३।७	बेलमती धामी	७००००
४५९।२०८०।३।८	सुनमती देवि लुहार	२५०००
४६०।२०८०।३।८	भुपेन्द्र बहादुर भुल	७००००
४६१।२०८०।३।११	देव सिंह धामी	३००००
४६७।२०८०।३।११	तेज साउँद	७००००
४६८।२०८०।३।११	नरेन्द्र बहादुर साउँद	७००००
४७०।२०८०।३।११	गोरा कामी	५००००

४७६।२०८०।३।११	सुरेन्द्र बि.क.	८००००
५५८।२०८०।३।२३	बागेश्वरी धामी	३००००
	जम्मा	६७००००

प्रमाण पेश नगरेको	६,७०,०००

४७.३ **नपाउने दैनिक भ्रमण भत्ता** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ११(२) मा सवारी चालक, भान्से, निजी सहायक लगायतका व्यक्तिलाई उपलब्ध गराउनुपर्ने सुविधा बापतको रकममा सुरूको पारिश्रमिक बाहेक अन्य कुनै पनि प्रकारको सुविधा उपलब्ध गराउन पाईनेछैन भन्ने व्यवस्था रहेकोमा यस कार्यालय हलुका सवारी चालक श्री महेन्द्र सिंह धामीलाइ विभिन्न समयमा भ्रमण गरे वापत रू.१६२५००।- खर्च लेखेको नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	१,६२,५००

४७.४ **यातायात खर्च** - कार्य संचालन निर्देशिका, २०७७ (आठौं संस्करण) को दफा ७।१।१५ मा सार्वजनिक यातायात नचल्ने स्थानमा सहभागीहरूको आतेजाते २ दिनसम्मको यातायात खर्च एकमुस्ट रू.२००।- र २ दिनभन्दा बढी जतिसुकै बढी दिन भएपनि रू.५००।-पाउने व्यवस्था रहेको छ। संघीय सरकारद्वारा हस्तान्तरित सशर्त कार्यक्रम (शिक्षा,स्वास्थ्य र अन्य) को कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको भन्दा वढी यातायात खर्च दिएको रकम असूल हुनुपर्ने रू .

भौचर नं.	कार्यक्रमको नाम	रकम
२५९।३।१७	आयूर्वेद औषधालयद्वारा संचालित कार्यक्रम	३६००
२६६	CBIMNCI कार्यक्रम संचालन गरेवापत श्री बिरेन्द्र सिंह क्षेत्रीले पे.फ	३०६००
२६१	नियमित खोप सुदृढीकरण , पूर्ण खोप सुनिश्चितता कार्यक्रम संचालन गरेवापत श्री जनक सिंह धामीको पे. फ.	२९७००
२९३	कम्युनिटी डट्स कार्यक्रम संचालन गरेवापत श्री बिरेन्द्र सिंह क्षेत्री	१४०००

असुल गर्नुपर्ने	७७,९००

४७.५ **भर्पाइ नरहेको** - नेपाल सरकारद्वारा हस्तान्तरिक कार्यक्रम अन्तर्गत सशर्त मातृ तथा नव शिशु कार्यक्रमको सुरक्षित मातृत्व, स्वास्थ्यकर्मी फिल्ड भत्ता, स्वीपर खर्च शिर्षक र आमा सुरक्षा, यातायात तथा उत्प्रेरणा र स्वास्थ्य संस्थामा तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरूमा कूल रू.२३६३९००।- अनुदान वितरण गरिएकोमा आवश्यक बिल तथा भर्पाई पेश नभएको रू.

सि. नं.	विवरण	आमा सुरक्षा, यातायात तथा उत्प्रेरणा	सुरक्षित मातृत्व, स्वास्थ्यकर्मी फिल्ड भत्ता , स्वीपर खर्च	जम्मा

१	गाँजरी स्वा.चौ.	१५५०००	३१७२००	४७२२००
२	सिगास स्वा.चौ.	८१६००	९१६००	१७३२००
३	ढुङ्गाड स्वा.चौ.	७५५००	१६८४००	२४३९००
४	थालाकाँडा स्वा.चौ.	१०७३००	२१५८००	३२३१००
५	शिवलिङ्ग स्वा चौ	१०१२००	१३४१००	२३५३००
६	चौखाम स्वा चौ.	४५३००	१६८७००	२१४०००
७	आ.वा.के. न्वाघर	१०२८००	१०३६००	२०६४००
८	आ स्वा के जुकेपानी	७७१००	९५०००	१७२१००
९	आ स्वा के कान्धार	७२६००	७२२००	१४४८००
१०	आ स्वा के बल्लेकान	३०२००	३२६००	६२८००
११	सामुदायिक स्वा. इकाई कोटिली	२०२००	६४५००	८४७००
	जम्मा	८६८८००	१४६३७००	२३३२५००

प्रमाण पेश नगरेको	२३,३२,५००

४७.६ **गाडी भाडा -** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७६ को दफा १० मा सवारी साधनको सुविधा उपभोग गर्न पाउने पदाधिकारीले अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निदेशिका, २०७७ मा तोकिएको मापदण्डमा १० प्रतिशत कटौती गरी ईन्धन खपत गर्नुपर्ने व्यवस्था रहेको साथै यस कार्यालयसँग बोलेरो पिकअप जीप रही पटक पटक ईन्धन र मर्मत खर्च लेखेकोमा तपसिल बमोजिमका सवारी साधन प्रयोग गरी कार्यालयलाई थप आर्थिक भार परेकोले सो खर्च नियमसम्मत नदेखिएको रू.

नाम	रकम
महेन्द्र सिंह धामी	३५५३५९
मोहनराज ओझा २३।२०७९।०६।०७	१३५०००
प्रकाश जोशी	२९४८२०
चक्र लुहार २१०।२०७९।१०।२०	३४०२००
जम्मा	११२५३८१

अनियमित भएको	११,२५,३८१

४७.७ **प्रमाण पेश नभएको** - सिर्जनशील सामुदायिक सिकाइ केन्द्रलाई रू.२०००००।- भुक्तानी भएकोमा आवश्यक सक्कल विल तथा भर्पाई पेश नभएको रू.

प्रमाण पेश नगरेको	२,००,०००

४७.८ **प्रशिक्षक भत्ता** - अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ आठौं संस्करण को दफा ७१।१५ को सि.नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका अधिकृतस्तरको तालिममा बाह्य प्रशिक्षकको पारिश्रमिक कक्षा संचालन बापत रू.४००।-, कार्यपत्र वापत रू.२००० ।-, सहायकस्तर/अन्य तालिममा बाह्य प्रशिक्षकको पारिश्रमिक कक्षा संचालन वापत रू.६००।-, र कार्यपत्र वापत रू.७००।-, भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सोही दफाको कैफियतमा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति (प्रशिक्षक) भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने व्यवस्था रहेकोमा सो निर्देशिका बमोजिम नगरी कार्यालयमा कार्यरत कर्मचारीलाई प्रशिक्षक भत्ता वापत भुक्तानी दिईएको रकम असुल हुनुपर्ने रू.

भौचर नं	कार्यक्रमको नाम	प्रशिक्षक नाम	रकम
६५।८।२६	पोषण संवेदनशिल कार्यक्रम	रमेश प्रसाद भट्ट	८०००
		बिना कुमारी धामी	२८००
		रमेश सिंह ऐर	२८००
		सीता धामी	७००
६६।८।२६	IEMIS तालिम	रमेश प्रसाद भट्ट	२५५०
		रमेश सिंह साउद	४०८०
		पृथ्वीराज अवस्थी	१५३०
११५।१०।२३	पशुपंक्षी आदिबाट हुने सरूवा रोग सम्बन्धि सचेतना	जनक सिंह धामी	५१००
२२९।३।१२	शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ	रमेश प्रसाद भट्ट	२५५०
		प्रकाश सिंह धामी	१२७५
२३०।३।१२	इमिस, पाठ्यक्रम र वि.व्य.स. क्षमता विकास तालिम	रमेश प्रसाद भट्ट	७८१५
		रमेश सिंह साउद	११९०
		टीका सिंह धामी	१२७५
		प्रकाश सिंह धामी	३६५०
२६४।३।१८	राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका	नरेश ब ऐर	८५०
		कमला गिरी	८५०

		चुरामणी अवस्थि	८५०
		निशा बुढाथोकी	८५०
		राम शंकर साह	८५०
		रमिता के सी	८५०
		सुमन बुढाथोकी	८५०
		निशा थिंङ्क	८५०
		दिपेन्द्र ब रोकाया	८५०
		लोकेन्द्र रोकाया	८५०
		नरेन्द्र ऐरी	८५०
		तेज सिंह धामी	८५०
		निशा थापा	८५०
		निलेश कुमार यादव	८५०
		निर्मला धामी	८५०
२६६।३।१८ २७१	CBIMNCI कार्यक्रममा प्रशिक्षण	जनक सिंह धामी	५१००
		विरेन्द्र सिंह क्षेत्री	५१००
		दिपेन्द्र ब रोकाया	५१००
	पोषण कार्यक्रम	दिपेन्द्र ब रोकाया	१७००
		लोकेन्द्र रोकाया	१७००
२८६।३।२१	मातृ तथा नवजात शिशु कार्यक्रम	विरेन्द्र सिंह क्षेत्री	५१००
२९६	पोषण संवेदनशिल क्षेत्रका कार्यक्रम	लोकेन्द्र ब धामी	५३५५
३२६।३।२४	पोषण संवेदनशिल क्षेत्रका कार्यक्रम	रमेश प्रसाद भट्ट	२५५०
		प्रकाश सिंह धामी	१७८५
		सुमन बुढा क्षेत्री	५९५
		चुरामणी अवस्थी	५९५
		भुपेन्द्र कुमार बोहरा	५९५
२१९।१०।२४	मतदाता शिक्षा कार्यक्रम	रमेश प्रसाद भट्ट	६०००

जम्मा	९९३४०

असुल गर्नुपर्ने	९९,३४०

४७.९ **अतिरिक्त भत्ता** - २२८।२०७९।१०।२५ अर्थ मन्त्रालयले जारी गरेको कार्य संचालन निर्देशिका, २०७८ (आठौं संस्करण) को दफा ७।१।४ मा नियमित काम बाहेक विशेष कामका लागि दैनिक २ घण्टाभन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाना खाजा वापत रू.३००।- र ७।१।४(३) मा सार्वजनिक विदाको दिन काम गरेवापत खाना खाजाका लागि रू.६००।- उपलब्ध गराईने व्यवस्था भएकोमा यस कार्यालयले नियम विपरित दैनिक रू.८००।- का दरले अतिरिक्त भत्ता उपलब्ध गराएकोमा तपसिल बमोजिमको रकम असुल हुनु पर्ने रू.

सि. नं	नाम	रकम
१	लक्ष्मण सिंह धामी	९५००
२	राजेन्द्र सिंह धामी	८९५०
३	रबिन्द्र कुमार साउद	९५५०

असुल गर्नुपर्ने	२८,०००

४७.१० **अनुगमन भत्ता** - ४७८।२०८०।३।११ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(ख)(५) र १६(ग)(४) मा स्थानीय स्तरमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरि सोको प्रतिवेदन पेश गर्ने अधिकार क्रमशः गाउँपालिका उपाध्यक्ष र वडा अध्यक्षमा रहेकोमा यस कार्यालयले योजना अनुगमन रिपोर्टिङ्ग गरेवापत श्री ध्रुव किरण भुललाई रू.८१६०।-भुक्तानी गरिएकोमा सो खर्च नियमसँग नदेखिएको रू.

अनियमित भएको	८,१६०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : सिगास गाउँपालिका, बैतडी

पद	नाम	कार्यकाल सुरू मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	कविन्द्र प्रसाद ओझा	२०७७-१०-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	अशोक कुमार भट्ट	२०७७-१२-२६	हाल सम्म कार्यरत

बेरूजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९६८,६९३	२,१३१,६२५	११,२७५,५३७	०	०	७,१४५,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.					२१,५२०,८५५
प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रू.					०
सम्परीक्षणबाट थप भएको बेरूजू रू.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.					२१,५२०,८५५

स्थानीय तह : सिगास गाउँपालिका, बैतडी

गत बर्षको जिम्मेवारी		१२९५२५९९.९६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३८३७८९१६	चालु खर्च	३१३३६६७१२.६८
प्रदेश सरकारबाट अनुदान	११२१४०००	पूँजीगत खर्च	१०१६२१६५७
राजश्व बाँडफाँट	७९९६७५३९.०५	वित्तीय/अन्य व्यवस्था	६४७२६९८.५१
आन्तरिक आय	३४९०३७४.२६		
अन्य आय	२५९६७२५५.४१		
कुल आय	४५९०१८०८४.७२	कुल खर्च	४२१४६१०६८.१९
बाँकी मौज्दात		५०५०९६१६.४९	